# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक ४२, २०७९ जेष्ठ २४ मंगलवार (Jhuleni Post Weekly) 24 May 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार

Email : jhulenipyuthan@gmail.com


# झिंमरुक फाँट जोगाउनमा कसैको ध्यान पुगेन




**गिता गौतम**

**झुलेनी पोष्ट, प्यूठान**


जिल्लाको अन्न भण्डारको रुपमा रहेको झिंमरुक फाँटमा रोपाई सुरु भएको छ । अन्यत्र बर्खा लागेपछि मात्र रोपाइँ हुने भएपनि यहाँ बाह्रै महिना झिंमरुक नदिको पानीले सिँचाई हुने भएकाले हरेक वर्ष जेठको पहिलो साताबाटै फाँटमा रोपाई गर्न सुरु हुन्छ ।

जेठभरमा रोपाइँ सकिन्छ । किसानले आलोपालो गरि रोपाइँ गर्ने गर्छन । जेठमै रोपाइँ हुने र मानोरोपी मुरी फल्ने झिमरुक फाँट क्षेत्र पछिल्ला केहि वर्षहरुपछि घरघडेरीका कारण मासीदै गएको छ। झिमरुरुकमा खेत हुनेहरुले अव्यबस्थीत घरहरु बनाइरहेका छन् । यसले गर्दा फाँट कुरुप बन्दै गएको छ। प्यूठान नगरपालिका ८ दम्ति देखि १ क्वाडिसम्म फाँट क्षेत्रमै पाँच सय भन्दा बढि घरहरु निर्माण भएका छन्। दर्जनौ स्थानमा प्लटिङ गरिएका छन्। स्थानीय सरकारले रोक्न सकेको छैन। फाँट जोगाउन कसैको ध्यान पुगेको देखिदैन। यो विषयमा जिल्ला बाहिर रहेका जिल्लाका अगुवाहरुले चिन्ता व्यक्त गर्ने गर्दछन् ।

पहेलपुर धान फल्ने झिंमरुक फाँटमा हिजोआज रोपाई सुरु भएकाले रोपाइँको रौनकले झिंमरुक उपत्यका क्षेत्र निकै रमाइलो छ । फाँटको क्षेत्रफल घट्दै गए पनि आधुनिक प्रविधिको प्रयोग गरेकाले उत्पादन भने नघटेको किसानहरु बताउँछन् । फाँटमा उब्जाएको अन्नले जिल्लाको खाद्यन्न आपूर्ति धान्न सक्ने क्षमता राख्छ । यहाँका किसानले शावित्री, रामधान, राधा १४, राधा १३ र मकनवानपुर १ लगायतका जातको धानको बिउ राखेर रोप्ने गर्दछन् ।

स्थानीय सरकाले कृषिमा लगानी बढाउँदै सिंचाइ, रासायनिक मल, किटनाशक औषधी, बीउ विजन प्रविधिमा सहयोग गरि युवा पुस्तालाई कृषिमा आकर्षित गर्ने योजना बनाउन सकेको छैन । युवा पुस्ता विदेश जान रोकिएर कृषि पेसामा लागेका छैनन् । कृषिजन्य उत्पादनको हिसाबले अत्यन्तै महत्वपूर्ण झिंमरुक फाँटलाई मानिन्छ । धान, गहुँ लगाउने उर्वरभूमि वर्सेनी घटिरहेको विषयमा नगरपालिका गम्भिर नबनेको प्यूठान नगरपालिका ४ टारीका जेष्ठ नागरिक लोकबहादुर भण्डारीले गुनासो पोखे ।

दाङको भालुवाङ हुँदै पहाडै पहाड बाटो भएर प्यूठान आउने जो कोहिको पनि पहिलो नजर झिंमरुक फाँटमै पर्छ । चेरनेटाबाट खैरा र बिजुवार तर्फको फाँट हेर्दा, कलकलाउँदै बग्ने झिंमरुक नदि र यसको दायाँ बायाँ बनेका फाँटको हरीयाली देख्दा आगन्तुक सबै लोभिन्छन् । हिजोआज रोपाई गर्ने किसानको चहल पहलले फाँटमा मेला लागेझै रमाइलो छ ।

## जीवनको रङ्ग

# जसले खोले प्यूठानमा पहिलो दालमोट उद्योग


**सुजता थापा क्षेत्री (भण्डारी)**

**झुलेनी पोष्ट, प्यूठान**




भारतमा पन्ध्र वर्ष भन्दा बढि समय बिताएर नेपाल फर्केर दालमोट उद्योग खोलेको यहाँका एक व्यवसायीले राम्रो कमाई गरिहेका छन् । उनले खोलेको उद्योगले परिवारलाई मात्र रोजगार दिएको छैन, अन्यलाई समेत रोजगारी दिएको छ । मल्लरानी गाउँपालिका ४ खलंगा सारिवाङका ४५ वर्षिय गोविन्द रावत ११ वर्ष देखि यहि पेसा मै रमाइरहेका छन् । उनी सिप सिकेर नेपाल आएपछि नेपालमै दालमोट उद्योग खोल्ने र भारत नजाने निधो गरेका थिए । रावत परिवारको आर्थिक स्रोतको मुख्य पेसा नै हिजोआज नमकिन, दालमोट बनाउने र विक्री गर्ने बनेको छ।

गोबिन्दले बजरंगी नमकिन भण्डार नामक उद्योग सञ्चालनमा ल्याएको पनि एक दशक भन्दा बढि भयो । उनले भारतबाट ल्याएको पैसाले नेपालमा आएर दालमोट उद्योग खोलेका थिए । १ लाख २५ हजारमा लगानी गरी सुरु गरेको दालमोट उद्योग २० लाखमा विस्तार भएको गोविन्द बताउँछन्। “दालमोट बोकेर सुरु-सुरुमा एक/दुई वर्ष मार्केटिङको लागि पैदल हिँड्दै मच्छी, बाहानेसम्म पुगेँ,’ उनले भने,‘बजार बनाउन निकै गाह्रो थियो ।’ अहिले बजरंगी दालमोठको माग प्यूठान देखि दाङसम्म राम्रो रहेको उनले बताए।

दालमोट विद्यालय सञ्चालन भएको समयमा दिनमा ढाइ क्वीन्टलसम्म बिक्री हुने गरेको उनले बताए। मंसिर देखी चैतसम्म दालमोठको माग निकै कम भए पनि बैशाख देखि कार्तिक सम्म दालमोट बजारमा पुर्याउन भ्याइ नभ्याइ हुने उनले बताए । रावतले घरेलु तथा साना उद्योग कार्यालय खलंगा मार्फत प्यूठान, सल्यान, रुकुम लगायत धेरै ठाउँमा दालमोट तथा नमकिन बनाउने तालिम समेत दिएको बताए । घरेलु कार्यालय मार्फत दालमोट तथा नमकिन सुकाउने ड्राइ मेसिन अनुदान स्वरुप पाएका छन् । यसैगरी करीव ४ वर्ष अघि दालमोट तथा नमकिन प्याकिङ मेसिन पनि सोही कार्यालयमार्फत पाएको बताए । उनको यस उद्योगबाट दालमोट तथा नमकिनका विभिन्न परिकार र बादाम पेस्ट्री उत्पादन तथा बिक्री वितरण गर्दै आइरहेका छन्। स्थानीय तहबाट भने कुनै पनि अनुदान नपाएको उनले गुनासो गरे।

## हाम्रो नजर

# रोपेका विरुवालाई जोगाऔं।



*विश्व वातावरण दिवसको अवसर पारेर प्यूठानमा वृक्षरोपण गरिएको छ । डिभिजन वन कार्यालय प्यूठानको आयोजनामा प्यूठान नगरपालिका ४ गाजुरी सहिद स्मृति पार्क परिसरमा वृक्षरोपण गरिएको हो । पृथ्वीको संरक्षण दिगो प्रकृति मैत्री व्यवस्थापन भन्ने मुल नाराका साथ विश्व वातावरण दिवस सम्पन्न भएको छ । दिवस मनाउन प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल सहित दर्जनौ अतिथिहरु आएका थिए । उनीहरुले शहिद स्मृति पार्क बिजुवारमा धुपी, अशोक, म्याङ्गोस्टिन,गन्धराज, शिब पार्बति, चाईनिज गुलाब, गोल्डमोहर, कटहरि चम्पा, एरिका पाम, एजिलिया लगायतका बिरुवाहरु रोपेका छन् । डिभिजन वन कार्यलयका अनुसार १ सय ३० वटा १७ प्रजातिका विरुवा दिवसको अवसर पारेर रोपीएका छन् । बिरुवा यो कार्यक्रमले बिरुवा वातावरण संरक्षणको लागि बिरुवा रोप्नुपर्छ भन्ने सबैलाई सन्देश दिएको छ । हरेक वर्ष वातावरण दिवसको अवसर पारेर यस्तै खालका कार्यक्रमहरु हुने गरेका छन् । यी अवसर पारेर विगतमा रोपिएका विरुवाहरु संरक्षण भएका छन की छैनन् भन्ने वियमा पनि सरोकार निकायको ध्यान पुगन जरुरी छ ।*

# कृत्रिम अभ्यासमा जस्तो अभ्यास साच्चिकै घटनामा हुनुपर्छ



*सोमबार जिल्ला प्रशासन कार्यालय प्यूठानको अयोजनामा प्यूठान नगरपालिका ४ बिजुवार स्थित खेलकुद मैदानमा विपद्जन्य घटना सम्बन्धी कृतिक अभ्यास गरिएको छ । स्थानीय तहरुको सहयोगमा गरिएको अभ्यासमा आगलागी, बाढीपहिरो भएपछि उद्द्धार तथा खोज कसरी गर्ने भन्ने बारे अन्यास गरिएको थियो । यो निकै राम्रो पक्ष मान्न सकिन्छ । विपद भन्ने कुरा बाजा बजायर आउने होइन । आइहाल्यो भन्ने पूर्वतयारी गर्नु जरुरी हुन्छ । त्यो कार्य जिल्ला प्रशासन कार्यलयले आफ्नो अगुवामा गरेर राम्रो काम गरेको छ ।*

*विपद भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतीको साथै जीवनयापन र वातावरणमा प्रतकूिल असर पर्ने प्राकृतकि वा गैरप्राकृतिक संकट सम्झनु पर्छ । यो बाट बच्नको लागि तयारी गर्नु पर्ने हुन्छ । पूर्व तयारी विपद् जोखिम न्यूनिकरणको लागि गर्नुपर्छ । प्यूठान जिल्ला विपद् जोखिमको हिसावले धेरै जोखिम जिल्ला अन्तर्गत पर्दछ । विपद् जोखीम न्यूनीकरण भन्नाले विपद् पूर्व गरीने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य हो । यो कार्य गर्दा आम नागरिकको प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहभागी हुन जरुरी हुन्छ । विपद पर्दा आम नागरिकले भोगेको पीडाका कारण यसरी गरिने विपद् सम्बन्धी कृत्रिम अभ्यासमा आमनागरिकको विश्वास छैन् । आगलागी भइसकेपछि आउने दम्कल, बाढीले क्षति पुऱ्याइसके पछिको उद्धारले गर्दा नगरिकमा विश्वास नभएको हो । यस तर्फ पनि सरोकार निकायले ध्यान पुऱ्याउन जरुरी छ । कृत्रिम अभ्यासमा जस्तो अभ्यास साच्चिकै घटनामा हुनुपर्छ ।*

झुलेनी पोष्ट

सम्पादकीय ....

## विद्यार्थीको हातहातमा पुस्तक पुर्‍याउ

चुनाव लगतै खुलेका सामुदायीक विद्यालयमा पाठ्यपुस्तक पुग्न नसक्दा विद्यार्थी पुस्तकबिनै पढ्न बाध्य भएका छन् । पाठ्यपुस्तक अभावले पठनपाठन प्रभावित बनेको शिक्षकहरु बताउँछन् । नयाँ शैक्षिक सत्र सुरु भएपछि जेठको पहिलो साताबाट कक्षा सुरु गरेपनि शिक्षकहरुले पुस्तक अभावका कारण पाठ अगाडि बढाउन सकेका छैनन्। कोर्स फेरिएको पुस्तक नेटबाट डाउनलोड गरेर शिक्षकहरुले पढाउने कोशिस गरेपनि प्रभावकारी हुन सकेको छैन । विद्यार्थीलाई झन समस्या छ ।

टिचरले पढाएर सुनेको भरमा सबै कुरा बुझ्न पर्ने विद्यार्थी बाध्यता छ । जिल्लाका अधिकांश विद्यालयका विद्यार्थी किताब नपाएर हैरानीमा छन् । ४, ७ र ९ को कोस फेरिएको छ, निरन्तर पढाई सुरु गर्न पुस्तकले गर्दा विद्यालयहरुलाई समस्या भइरहेको छ । हालसम्म १५ देखि ३० प्रतिशत मात्र किताब आएको नेपाल पुस्तक तथा स्टेसनरी संघ प्यूठानले जनाएको छ ।

समयमै पुस्तक जिल्लामा भित्र्याउन सरोकारवाला निकायले थप पहल गर्न जरुरी छ । विद्यार्थीको हातहातमा पुस्तक पुर्‍याउने विषयमा स्थानीय सरकारको समेत पहल जरुरी छ ।

# घातक सौन्दर्यचेत



सुमिना

*पुँजीवादी पितृसत्ताले महिलाहरूलाई मनोवैज्ञानिक रूपमै गलत सौन्दर्यचेतको अफिम चटाएर सुन्दरता र शृंगारिकताको मोहजालमा पारी बाध्यात्मक दलदलमा फसाई आफ्नो मुनाफाको धन्दा विस्तार गरिरहेको छ।*

*स्त्री सदा विशेष सुविधाहरूको आशामा लाग्छे !*
*पसलेले उसलाई विशेष छुट दिनेछ*
*पुलिसले बिना 'पास' प्रवेश दिनेछ*
*किनभने, उसलाई यस्तै सिकाइएको छ कि*
*उसको मुस्कानको धेरै मूल्य छ।*
*उसलाई यो भनिएको छैन कि*
*सबै स्त्री मुस्कुराउँछन्।*
*- सिमोन द बुभा*

माथि उल्लिखित पङ्क्तिले स्त्रीद्वेषी सामाजिक संरचनाले महिलाहरूमा कसरी भ्रम छरेको छ, महिलाहरू जान-अनजानमा त्यो भ्रमजालभित्र छिरेर कसरी भ्रमित जिन्दगी बाँचिरहेका छन् र पितृसत्तात्मक सामाजिक परिवेशले कसरी महिलाको मनोविज्ञानसँग खेलेर आफूअनुकूल बनाई त्यसको लाभ उठाउँछ भन्ने उजागर गर्छन्। समाजमा विभेद छ। महिलाहरू अत्याचारमा पिल्सिएका छन। यसको कारण र निवारण के हो भन्नेबारे विभिन्न खोज र अनुसन्धानसहित महिला मुक्ति आन्दोलनलाई सैद्धान्तिक आधार दिने उद्देश्यका साथ सिमोन द बुभाले लेखिन्, 'द सेकेन्ड सेक्स' पुस्तक। सामाजिक मनोविज्ञानले मान्छेको चेतनामा कस्तो प्रभाव पार्छ र त्यसबाट महिलाहरू कसरी ग्रस्त छन् भन्ने कुराको व्यापक विश्लेषण गर्दै पितृसत्ताका हिमायती फुरुष श्रेष्ठतावादीहरूका अगाडि उनी पटकपटक भनिरहन्छिन्, 'यो समाज एउटी स्वास्नीमान्छेलाई आफूले चाहेजस्ती स्वास्नीमान्छे बनाउन साँच्चिकै अभ्यस्त छ।' उनी थप्छिन्, 'स्त्री सदा विशेष सुविधाहरूको आशामा लाग्दछे। किनकि, समाजले नै महिलालाई परनिर्भर भएर आसैआशामा बाँच्ने गरी निर्माण गरेको छ। उसको मुस्कानमा ठूलो जादु छ भन्ने यो सिकाएको छ। उसले मुस्कानकै जादु चलाएर विश्वमा ठूलो कायापलट गर्न सक्छे।' महिलालाई आफूलाई चाहिने चीज प्राप्त गर्न आफैं लड्न सिकाइएको छैन, संघर्ष गर्न सिकाइएको छैन। तर उसलाई चाहिएको चीज कसैले ल्याएर उसको पोल्टामा राखिदिन्छ भन्ने आशा गरेर बस्ने, परनिर्भर प्राणी बन्न सिकाएको छ। सामाजिक संरचनाले महिलालाई मनोवैज्ञानिक रूपमै 'म्यानिपुलेट' गरी कमजोर बनाइरहेको छ। आज पनि यो मनोविज्ञानसँग सम्बन्धित तर्कमा त्यत्तिकै दम छ। ठ्याक्कै यही मोनोविज्ञान महिला शरीरको बजारीकरणका लागि पुँजीवादले सृजना गरेको कथित सुन्दरी प्रतियोगिताप्रतिको आम महिलाको आकर्षण र सुन्दर बन्ने मनोकांक्षासहितको मिहिनेतसँग उसै गरी मेल खान्छ।

### सुन्दर बन्ने चाहना र त्यसको फरिणाम

ठ्याक्कै एक वर्षअघि म्यानमारको सैनिक शासनविरुद्ध हातमा हतियार लिएकी एउटी महिलाको सानदार तस्बिरलाई प्रकाशमा ल्याउँदै एउटा अनलाइन मिडियाले लेख्यो, 'सैनिक शासनविरुद्ध हतियार बोकिन् म्यानमारकी यी सुन्दरीले।' बन्दुक बोक्नुको कारण के थियो ? बन्दुक सुन्दरताले बोक्यो कि विद्रोही चेतनाले ? कार्यलाई गौण बनाई कर्तालाई प्रकाशमा ल्याइएको उक्त दृश्य पितृसत्तात्मक सौन्दर्यचेतले ग्रस्त नेपाली पत्रकारिताको प्रतिनिधिचेतनाथियो।सामाजिकसञ्जालदेखि दैनिक बोलीचालीका प्लेटफर्म र जिम्मेवार पत्रपत्रिकाहरूमा सम्म यस्तो चेतना व्यापक देखिन्छ। महिला भनेको सुन्दर प्रजाति हो र सुन्दर हुनुपर्छ भन्ने पुँजीवादको स्थापित मान्यताले स्वयम् पुँजीवादी व्यवस्थाविरुद्ध आन्दोलन छेडिरहेका महिला मुक्तिका पक्षधर प्रगतिशील, वामपन्थी, मार्क्सवादी र समाजवादीहरू पनि यस्तो सोचबाट उत्तिकै ग्रस्त देखिन्छन। उनीहरू कुनै महिलालाई भेटेपछि सबैभन्दा पहिले भन्न छुटाउँदैनन- तपाईंको कपाल कति सुन्दर ! अनुहार, आँखा, नाक कति राम्रा ! तपाईंको मुस्कानमा साँच्चिकै जादु छ। सायद कमैले गर्दा हुन्, वैचारिकी र सक्षमताको बयान। वरिपरि देखिने यस्तो प्रवृत्तिले जहिले पनि सक्षमता, चेतना र विचारलाई ओझेलमा पारी शरीरलाई प्राथमिकतामा राखेर महिला सुन्दर प्रजाति हो भन्ने अवधारणाकै पक्षपोषण गर्छ। यसले दिनानुदिन महिलाभित्र पनि सौन्दर्यप्रतिको उत्कट तृष्णा जागृत गराइरहेको छ।

निम्न माध्यमिक स्तरमा पढ्ने छात्रा हरेक दिन विद्यालय जानुअघि र फर्किएपछि दस पटक ऐना हेरेर चुल्ठो बनाउँछे अनि अनुहार मुलायम र आकर्षक देखाउन दस थरी प्रयत्न गर्छे। यसो गर्न छोड्दी हो त उसले त्यसका लागि खर्चिने समयमा दस पृष्ठ पढ्दी हो र दस प्रश्नको हल खोज्दी हो। सुन्दरताको उत्कृट चाहना महिलाको वैचारिक यात्रामा कसरी बाधा बनिरहेको छ र यसले महिलालाई वैचारिक रूपमा कति पछि धकेल्न सक्छ भन्ने यस्ता उदाहरणहरू बग्रेल्ती पाइन्छन। तर पनि, महिलाहरूको ठूलो जमात सुन्दर बन्न मिहिनेत गरिरहेकै छ। किनकि, समाजले बालापनदेखि नै यही सिकाएको छ- छोरीमान्छे सुन्दर हुनुपर्छ। असुन्दर भएकै कारण उसले बाटोघाटो, विद्यालय, कार्यस्थल सबैतिर विभेद भोग्नुपरिरहेको छ। उसलाई पलपलमा 'शारीरिक रूपमै असुन्दर भएकै कारण मेरो मूल्यांकन कमसलमा नहोस्' भन्ने त्रासबाट गुज्रिन बाध्य पारिएको छ। ऊ कसैले हरदिन आफ्नो सुन्दरताको अतिशय बयान गरिरहोस् भन्ने अभिलाषामा बाँचिरहेकी छ। प्रेमी वा श्रीमान्ले मेरो सुन्दर अनुहारको सधैं प्रशंसा गरिरहोस् !

सामन्तवादी समाजमा विवाहपछि चुरा, पोते र सिन्दूर लगाउन मन नपराउने महिलालाई आकस्मिक रूपमा भएको श्रीमान्को मृत्युका लागि जिम्मेवार ठहर्‍याउँदै आजीवन सांस्कृतिक हिंसा र मानसिक रूपमा दण्डित गरिएका घटनाहरू कति छन् कति ! भद्दा शारीरिक बनोट भएकै कारण कतिपय महिलाहरू आफ्नै श्रीमान्बाट अपमानित र अपहेलित भएका उदाहरण पनि धेरै छन्। तर, सही बुझाई र विद्रोही चेतनाको अभावमा त्यसको विकल्पमा उनीहरू शरीर 'मेन्टेन' र 'शृंगार' गर्ने काममै अघि सर्छन्। यो आम महिलाको दैनिकीजस्तै बन्न थालिसकेको छ। उनीहरू मान्छे बालक, युवा, वृद्ध हुँदै जान्छ र यही सिलसिलामा शारीरिक बनोट तथा अनुहारमा पनि परिवर्तन आउँदै जान्छ भन्ने पनि बिर्सिन्छन। यस्तो प्राकृतिक सत्यलाई स्वीकार गर्न नसकी परिवर्तित शारीरिक बनोटकै कारण कैयौं महिला हीन भावनाले ग्रस्त भई डिप्रेसनको सिकार हुन बाध्य छन। मनमस्तिष्कमा घुसाइएको यस्तो सौन्दर्यचेतले महिलालाई दिनानुदिन मानसिक रूपमै यातना दिइरहेको छ।

### रहर र बाध्यताको मिश्रण

सामन्तवाददेखि पुँजीवादसम्म आइपुग्दा शृंगार र सुन्दरता महिलाका निम्ति रहरभन्दा पनि बाध्यतामा परिणत भइसकेको छ। महिला भएकै कारण सुन्दर हुनुपर्छ भन्ने मानसिक र भौतिक अवस्थितिहरू चौतर्फी निर्माण गरिदिएर प्रशोधित अनुहारसँग प्रयुक्त शृंगारलाई अनिवार्यजस्तै बनाइएको छ। सामन्तवादी समाजमा महिला कहलिन शृंगार गर्नैपर्थ्यो। पतिको मानमर्यादा र दीर्घायुका निम्ति पनि संस्कारका नाममा चुरा, पोते, सिन्दूरसहित सिङ्गो शरीर कब्जा गर्ने भारी गरगहनाहरू पहिरिनुपर्थ्यो। त्यस्तो समाजमा शृंगार र त्यसले निम्त्याएको दासत्वसँग विद्रोह गर्ने चेतना महिलाहरूमा जागृत हुने अवस्था थिएन।

आजको भूमण्डलीकृत वित्तीय पुँजीवादले त महिलाहरूलाई आफ्नो व्यवसायको प्रमुख अंगका रूपमा उभ्याएको छ। सिनेमामा अभिनय गर्ने वा म्युजिक भिडियोमा मोडलिङ गर्ने कलाकार अथवा कुनै बहुराष्ट्रिय कम्पनीको विज्ञापनका लागि शारीरिक रूपमा सुन्दर र आकर्षक अनुहार भएका महिलाहरूको खोजी गरिन्छ। कार्यस्थलमा उनीहरूलाई 'सो पिस' बनाएर सजिसजाउ गुडियाका रूपमा उभिन निर्देशित गरिन्छ। पाँच रुपैयाँको स्याम्पुदेखि लाखौं-करोडौंको मालसामानसम्म महिलाको सुन्दर तस्बिर छपाई विज्ञापन गरिन्छ। स्तन र नितम्ब नाप्दै ठूला आँखा र साना आँखा, कम्मर, नाक, मुख र अनुहारको साइज आदि नापी एउटालाई अर्कोभन्दा विशिष्ट वा कमसल बनाउन कथित सुन्दरी प्रतियोगिताहरूको आयोजना गरी महिलाहरूलाई प्रतिस्पर्धामा सामेल गराइन्छ। अझ त्यस्ता प्रतियोगिताहरूलाई समाजमा मान्य तुल्याउन बेतुकका तर्कहरू पेस गर्दै 'ब्युटी विथ ब्रेन' अर्थात् बुद्धिसहितको सौन्दर्यको जलप लगाउने गरिन्छ। जति नै 'ब्युटी विथ ब्रेन' भने पनि त्यस्तो कुनै उदाहरण छैन, जहाँ बौद्धिक मापका आधारमा बजारवादी सौन्दर्यचेतको मानकविपरीत कालो वर्ण वा मोटो शरीर भएकी युवतीलाई त्यसका लागि योग्य बनाइएको होस्। प्रतिस्पर्धामा योग्य बन्नकै निम्ति दाँत, ओठ, कम्मर, छातीजस्ता अंगहरूको सर्जरी गरी काँटछाँट गरिएका उदाहरणहरू प्रशस्तै भेटिन्छन्। जे भनिए पनि सारमा यो गलत सौन्दर्यचेतकै आधारमा पुँजीवादले सिर्जिएको महिला शोषणको डरलाग्दो अस्त्र हो। त्यसप्रति आकर्षित गरी यो व्यवस्थाले ठूलो संख्यामा महिलाहरूलाई सुन्दर बन्नैपर्ने वा देखिनैपर्ने रहर र बाध्यतामा दिनानुदिन धकेलिरहेको

बाँकी ५ पेजमा

# यस्तो थियो महाभारतकालीन नारीवाद

***नारीवादका नाममा हिन्दु धर्मशास्त्रहरूको विरोध गर्नेहरूले यस्ता कुराहरूलाई सुक्ष्म रूपले हेरेर विश्लेषण गरेजस्तो लाग्दैन । महाभारतका धेरै प्रसङ्गमा अहिलेका महिलाहरू भन्दा महाभारतकालीन महिलाहरू सशक्त लाग्छन् ।***



बबिता बस्नेत

कहिले गान्धारीको ठाउँमा, कहिले कुन्तीको ठाउँमा त कहिले द्रौपदीको स्थानमा आफूलाई राखेर हेर्ने महिलाहरू कति होलान् ? धेरै होलान् जसले महाभारतको कथा पढेका छन्, बुझ्रेका छन्, सुनेका छन् । कथा नै थाहा नपाइकन तिनका पात्रहरूसँग तुलना गर्ने कुरा भएन । महाभारतकालीन यी महिलाहरू स्वयम्वर (आफैले आफ्नो पति छान्ने काम) गर्थे । गान्धारीबाहेक कुन्ती र द्रौपदीले भारी सभामा विभिन्न देशका राजकुमारहरू लाइनमा राखेर स्वयम्वर गरेका हुन् । द्रौपदीलाई कसले पाउने भन्ने कुरामा शर्त राखिएको थियो । धनुषविद्यामा उत्कृष्ट हुनुपर्ने भनिएको मात्र थिएन, अभ्यास नै गराइएको थियो । कुन्तीले राजकुमारहरूको अनुहार र तिनको 'फेसियल एक्स्प्रेसन' हेरेरै पाण्डुलाई रोजेकी थिइन् । दृष्टिविहीनलाई छोरी नदिने भनेर उनका बाबु र भाइ धृतराष्ट्रलाई गान्धारी सुम्पन राजी थिएनन् । तर गान्धारी स्वयम् धृतराष्ट्रसँग विवाह गर्न राजी भएकी थिइन् ।

हस्तिनापुरका राजकुमार धृतराष्ट्रसँग विवाहको प्रस्ताव गएपछि गान्धार नरेशकी छोरी गान्धारीले जब आफ्ना हुनेवाला पति दृष्टिविहीन भन्ने थाहा पाइन्, उनले पनि आँखामा पट्टी बाँध्ने निर्णय गरिन् । यसो गर्नुको कारण बताउँदै उनले भनेकी थिइन्– 'आँखा नदेख्ने (सबैतिर अध्यॉरो देख्ने) मान्छेलाई बुझ्नका लागि अन्धकारलाई महसूस गर्न सक्नुपर्छ ।' कुन्ती, द्रौपदीलगायत महाभारतकालीन नारीहरूलाई स्वयम् वर खोज्ने स्वतन्त्रता भएपनि हाम्रा आमा-हजुरआमाहरू बाबु-आमाले जसलाई दिन्छन्, जस्तालाई दिन्छन् लुरुलुरु पछि लाग्न बाध्य थिए । न उमेर मिल्नुपर्थ्यो न त देखभेट नै गर्नुपर्थ्यो, विचार मिल्ने-नमिल्ने त कुरै नगरौं ।

'नारीवाद'मा समानता र स्वतन्त्रताले ठुलो अर्थ राख्छ । जीवनसाथी रोज्ने अधिकारका बारेमा महिलामाथि हुने सबै प्रकारका भेदभावविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धी (सीड) मा उल्लेख छ भनी हामी गौरवका साथ भन्छौं । महाभारतका महिलापात्रहरूले त्यो अधिकारको अभ्यास पहिल्यै गरेका थिए । महिलाले स्वयम्वर गर्ने भएकाले त्यतिबेलाका पुरुषहरू महिलाहरूबाट 'रिजेक्ट' हुन सक्थे । धेरै पुरुषहरूका बीच एक जनालाई माला लगाइदिने हुँदा भयङ्कर पराक्रमी भनेर चिनिएका, मानिएका राजकुमारहरू पनि तिरस्कृत भएर फर्कनुपर्थ्यो । यता, राम्री लागेन या खुट्टाका औंला मिलेनन् या शिर अध्यॉरो भयो जस्ता अनेक बहानामा महिलालाई विवाहका लागि हेर्ने र छोड्ने क्रम अहिले पनि जारी छ । कुनै पनि बहानामा कसैलाई 'रिजेक्ट' गर्नु या कसैबाट 'रिजेक्ट' हुनु राम्रो त होइन तर अहिले प्रायः पुरुषहरूले लिएको त्यो अधिकार महाभारतकालमा महिलामा निहित थियो ।

नारीवादलाई पछिल्लो समयमा पुरुषलाई 'इरिटेट' गर्ने शब्दका रूपमा लिनेहरूको संख्या ठुलो छ । तर नारीवादको अर्थ त समानतासँग मात्रै जोडिएको छ । अहिलेका महिलाहरूले दृष्टिविहीन ब्यक्तिलाई जीवनसाथी रोज्ने हिम्मत गर्लान् कि नगर्लान्, तर त्यतिबेला गान्धारीले त गरिन् । तथापि विवाह गरेपछि आँखामा पट्टी नबाँधिएको भए अझ राम्रो हुने थियो भन्न सकिन्छ । उनको आँखाबाट संसार हेर्ने धृतराष्ट्रको चाहना अधुरो रह्यो । आमाको नामबाट सन्तानहरू चिनिँदा त्यतिबेला गौरव गरिन्थ्यो । पाँच पाण्डवहरू पाण्डुपुत्र भन्दा बढी कुन्तीपुत्र या कुन्तेय भनेरै चिनिए । श्रीकृष्णलाई देवकीनन्दन नै भनियो, भीष्मलाई गंगापुत्र भनेरै सम्बोधन गरिन्थ्यो । तर अहिले आमाको नामबाट सन्तानलाई नागरिकता दिनका लागि अनेक लवी र एड्भोकेसी गर्नुपरेको छ । मनमा प्रश्नले बेला-बेलामा ठाउँ लिइरहन्छ, त्यतिबेलाको नारीवाद दह्रो कि अहिलेको ? अहिले मेडिकल डाक्टरहरू भन्छन्, महिलाहरूले गर्भवती हुँदा चिन्ता लिनु हुँदैन, मन खिन्न गर्नु हुँदैन, खुशी रहनुपर्छ, सकारात्मक सोच्नुपर्छ । यो कुरा महाभारतकालमै स्थापित भइसकेको थियो । सम्बन्ध राख्दाको परिस्थिति र मुडअनुसारको बच्चा जन्मिन्छ भन्ने उदाहरण धृतराष्ट्र, पाण्डु र विदुर हुन् ।

द्रौपदी महाभारतकी सबैभन्दा चर्चित पात्र हुन् । यसो हुनुका अनेक कारण छन्, त्यसमध्ये धर्मराज भनेर मानिएका युधिष्ठिरले उनलाई जुवामा दाउ राख्नु र राजसभामा उनको अपमान प्रमुख कारण हुन् । सम्पत्तिका रूपमा द्रौपदीलाई जुवाको खालमा दाउ राखेर जग्गा जमिन र पैसाजस्तै गरी हारेपछिका सम्वादहरू मन छुने छन् । महिलालाई वस्तुका रूपमा हेर्न मिल्छ कि मिल्दैन ? पाइन्छ कि पाइँदैन ? भन्ने बहस महाभारतकालदेखि नै रहेको देखिन्छ । 'मलाई जुवाको दाउमा राख्नका लागि म तिमीले चाहेको बेला प्रयोग गर्ने सम्पत्ति होइन' भनेर द्रौपदीले पटक-पटक भनेकी छन् । जुन कुरामा उनका सासुहरू कुन्ती र गान्धारीले भरपुर साथ दिएका छन् । 'यो मेरो मात्र होइन सारा नारीजातिको इज्जतसँग जोडिएको कुरा हो' भनेर कुन्तीले भनेकी छन् । द्रौपदीलाई लछारपछार गर्दै ल्याएर सारी उतार्न लगाएको (चीरहरण) प्रसङ्गमा नारीजातिको सम्मान र आत्मसम्मानको कुरा गान्धारीले पनि सशक्त रूपमा उठाएकी छन् । राजसभामा उपस्थित पुरुषहरूलाई गान्धारीले 'महिलाको अपमान गरेर तिमीहरूको सम्मान बढ्दैन' भनेकी छन् ।

त्यसअघि अर्जुनले द्रौपदीलाई विवाह गरेर ल्याएपछि आमा कुन्तीले भिक्षा ल्याएको ठानी 'सबै दाजुभाइले बराबरी बाँडेर लिनु' भनेको वचनलाई लिएर पनि लामो छलफल भएको छ । 'पत्नीलाई भिक्षा भन्न तिमीले कसरी सक्यौ ? पत्नीलाई भिक्षा भन्न मिल्छ ?' भनेर कुन्तीले अर्जुनलाई प्रश्न गरेकी छन् । महाभारतमा अधिकारसँगै कर्तब्यका धेरै कुरा छन् । कुन्तीले आमा हुनुको अधिकार माग्दैगर्दा कर्णले उत्तरदायित्वको कुरा सम्झाएका छन् । आमा हुनुको कर्तब्य नगरी नदीमा बगाइदिने आमाप्रति उनका कठोर शब्दहरूले 'बच्चा पाउनु मात्रैले आमा भइँदैन' भन्ने सन्देश दिएको छ । कुन्तीले अविवाहित अवस्थामै जन्माएको छोरा हुन् कर्ण । कुमारीआमा हुने कुरा अहिले त कठिन छ भने त्यतिबेला केसम्म हुन्थ्यो होला ? अनुमान गर्न सकिन्छ । मान्छेले के भन्लान् भनी इज्जत धान्न र लोकलाजबाट बच्नका लागि कुन्तीले आफ्नो पहिलो सन्तान कर्णलाई फूलको ढक्कीमा राखेर नदीमा बगाएकी थिइन् । लोकलाजकै कारण अहिले कति शिशुहरू संसारै नदेखी आमाकै हातबाट मर्न बाध्य छन् । महाभारतकालमा पनि नारीवादी पुरुषहरू थिए । समानताको परिभाषाभित्र समेटिने गरी महिलाको अस्तित्व स्वीकार गर्नु र उनीहरूको आत्मसम्मानलाई महत्व दिनु नारीवाद हो । राजसभामा द्रौपदीको सारी तान्ने दुशासन पुरुष नै भएपनि बेइजती हुनबाट जोगाउनका लागि अघिसर्ने कृष्ण पनि पुरुष नै थिए । चीरहरण प्रयासपछि विह्वल द्रौपदीलाई गान्धारी भन्छिन 'आफ्नो आँशु आफैं पुछ द्रौपदी, अरुले पुछिदिएर हुँदैन, आफ्नो आँशु आफै पुछ ।' हामी अहिले महिलाहरू आफै सक्षम र सशक्त हुनुपर्छ भनिरहेका छौं । आफैले आफ्नो आँशु पुछ्नुको अर्थ आफूले आफैंलाई सम्हाल्नु हो, सशक्त हुनु हो । भारी सभामा द्रौपदीको बेइज्जती काण्डपछि विदुरले महारानी भनेर सम्बोधन गर्दा गान्धारी प्रश्न गर्छिन- 'महिलाको सम्मान नहुने यस्तो राज्यमा के म महारानीको सम्बोधन गरिन योग्य छु ?' तर हामीकहाँ जिउँदै जलाउने, बलात्कारलगायतका घटनाहरू हुँदा पनि कुनै उच्चपदस्थहरूले प्रश्न गरेको सुनिएको छैन, यतिका घटनामा केही गर्न नसक्दा नसक्दै पनि के म यो मुलुकको प्रधानमन्त्री या मन्त्री भनिन योग्य छु ? नारीवाद पुरुषको विरोध होइन, प्रवृत्तिको विरोध हो, पितृसत्ताको विरोध हो ।

हामीकहाँ भएका धेरैजसो नारीवादी महिला र पुरुषहरू उदारवादी नारीवादी हुन भन्न मिल्छ । कतिपय अर्थमा महाभारतकालीन नारीवाद उदारवादी नारीवादभन्दा माथि झैं लाग्छ । महाभारतमा सबैभन्दा उल्लेखनीय नारी पात्र को हुन् भनेर गरिने प्रश्नमा यस पङ्क्तिकारको उत्तर हुन्छ- 'सत्यवती' । देश र वंश-परम्परा चलाउनका लागि कुन हदसम्मको नीति अवलम्बन गर्नुपर्ने हुन सक्छ भन्ने कुराको उदाहरण हुन् सत्यवती । महाभारत पुरुषको युद्ध भए पनि भरतवंश धान्नका लागि महारानी सत्यवतीको योगदान कल्पना नै गर्न नसक्ने प्रकारको छ । छोराको मृत्युपछि आफ्नी बुहारीलाई अरु कसैसँग शाारीरिक सम्बन्ध राख भनेर कुन आमाले भन्न सक्छ ? त्यसो भन्नु उचित थियो या थिएन बहसको विषय हुन सक्छ, तर उनले बुहारीहरूलाई गरेको 'काउन्सिलिङ' आश्चर्यलाग्दो छ । अहिले हामी एकल महिलाको पुनर्विवाहको कुरा गरिरहेका छौं, त्यतिबेला सत्यवतीले आफ्ना एकल बुहारीहरू गर्भवती हुने परिकल्पना मात्र गरिनन्, ब्यास (उनकै विवाहपूर्वका छोरा) सँग सम्बन्ध राख्न मानसिक रूपले तयार समेत गरिन् । त्यतिबेलाको जमानामा त्यो स्तरको सोच आफैंमा आश्चर्यजनक लाग्छ । बुहारीलाई काउन्सिलिङ गर्ने क्रममा सासु सत्यवती भन्छिन- 'बच्चा जन्माएर कुल परम्परा धान्ने काम तिम्रा श्रीमान् अर्थात् मेरो छोराको थियो, तर उ आफ्नो कर्तब्य पूरा नगरी यो संसारबाट बिदा भयो । जब पतिले गर्नेपर्ने कुनै कर्तब्य गर्दैन त्यो पत्नी स्वयंले गर्नुपर्ने हुन्छ, जाउ ऋषि ब्यास तिमीलाई पर्खिरहेका छन् ।' छोराको मृत्युपछि आफ्नी बुहारीलाई अरु कसैसँग शाारीरिक सम्बन्ध राख भनेर कुन आमाले भन्न सक्छ ? त्यसो भन्नु उचित थियो या थिएन बहसको विषय हुन सक्छ, तर उनले बुहारीहरूलाई गरेको 'काउन्सिलिङ' आश्चर्यलाग्दो छ ।

प्रेमी या जीवनसाथीको रूपमा राजकुमारको कल्पना गर्दै हुर्किएका उनीहरूका लागि ऋषिसँगको सम्बन्ध सहज हुने कुरै भएन । ऋषि ब्यासलाई देखेपछि बुहारी अम्बिका डराइन् र आँखा चिम्लिइन्, परिणामतः दृष्टिविहीन बच्चाको जन्म भयो, धृतराष्ट्र । ऋषिले आमा सत्यवतीलाई अम्बिकाले अत्याधिक डराइ दुवै आँखा चिम्म गरेकाले दृष्टिविहीन बच्चा जन्मिने बताएपछि उनले अर्की बुहारी अम्बालिकालाई पनि दिदीलाई जस्तै गरी काउन्सिलिङ गरिन् । अम्बिका र अम्बालिका दिदी-बैनी थिए । अम्बालिका पनि डराइन्, ऋषिलाई देखेपछि उनको पूरै शरीर डरले सेतो भयो । परिणामतः पाण्डु जन्मिए, जन्मदै रोगी ! दिदी-बैनी दुवै डराएपछि दिदी अम्बिकाले आफ्नी दासीलाई ऋषिसामु पठाइन् । सपना फरक भएका कारणले हुन सक्छ, दासी उक्त सम्बन्धमा रोमान्चित भइन्, परिणाम विदुर जन्मिए, धुरन्धर विद्वान्का रूपमा रहेका उनको बिदुर नीति प्रख्यात छ ।

अहिले मेडिकल डाक्टरहरू भन्छन्, महिलाहरूले गर्भवती हुँदा चिन्ता लिनु हुँदैन, मन खिन्न गर्नु हुँदैन, खुशी रहनुपर्छ, सकारात्मक सोच्नुपर्छ । यो कुरा महाभारतकालमै स्थापित भइसकेको थियो । सम्बन्ध राख्दाको परिस्थिति र मुडअनुसारको बच्चा जन्मिन्छ भन्ने उदाहरण धृतराष्ट्र, पाण्डु र विदुर हुन् । महाभारतकाल र वर्तमान समयको फरक के हो भने यतिबेला भए विदुरको कानूनी हैसियतको खोजी हुन्थ्यो, तर त्यतिबेला कसैले प्रश्न उठाएन र उनी हस्तिनापुरका मन्त्री बनेर राजकाजमा सधैं सहभागी भए । अहिले भए कुन्तीलाई राजमाता भनेर कसैले मान्थ्यो/मान्दैनथ्यो यसै भन्न सकिन्न । स-साना कुरामा शङ्का-उपशङ्का गरेर बुहारीलाई घरबाट निकालिदिने र चरित्रका नाममा सम्बन्ध तोड्ने समाजमा कुन्तीको स्थान कहाँ हुन्थ्यो होला ? नारीवादका नाममा हिन्दु धर्मशास्त्रहरूको विरोध गर्नेहरूले यस्ता कुराहरूलाई सुक्ष्म रूपले हेरेर विश्लेषण गरेजस्तो लाग्दैन । महाभारतका धेरै प्रसङ्गमा अहिलेका महिलाहरू भन्दा महाभारतकालीन महिलाहरू सशक्त लाग्छन् । पुरुषलाई वंश परम्परा धान्ने संज्ञा दिएर वंशजको अधिकार दिने समाजमा महिलाले वंश धान्नका लागि गरेका अनेक प्रयासहरू महाभारतमा लिपिबद्ध छन् । 'जब पुरुषले कुनै काम गर्न सक्दैन, त्यो काम महिलाले गर्नुपर्छ' भन्ने सत्यवतीको संवाद वंश परम्परा धान्ने सवालमा मात्र होइन राज्य सञ्चालनका सवालमा पनि त्यत्तिकै लागु हुन्छ । मत्स्यगन्धाको कथा झनै रोचक छ । सत्यवतीकै पूर्वरूप हुन् मत्स्यगन्धा, जो माझीको काम गर्थिन् । मानिसहरूलाई डुंगामा राखेर वारिपारि गर्नु उनको दैनिक कार्य थियो । यसको अर्थ कामकाजी महिला त्यतिबेलादेखि नै थिए जो आफै काम गरेर गुजारा गर्थे । महिलाको आफ्नै प्रकारको सार्वजनिक जीवन थियो ।



## सडक डिभिजन कार्यालय जस्पुर प्यूठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालियलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी, ननिकालौं ।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

**विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।**

**अनुरोधक : सडक डिभिजन कार्यालय जस्पुर, प्यूठान ।**

## गजल



लाग्छ त्यहिँ हो खुसी, त्यहिँ हो जीवन मेरा लागी।
पुन:एकपटक फर्किए हुने बालापन मेरा लागी।

यस कारण पनि मैंले खुसी हुन कहिल्यै चाहेन,
खुसी भएर खुसी साट्ने कोहि छैनन् मेरो लागी।

घडिको सुई हेर्दा हेर्दैमा जिन्दगी सकिने रहेछ,
र कहिल्यै भएन यो समय परिवर्तन मेरा लागी।

चिहान बनिसक्यो होला कात्रो बनिसक्यो होला,
विडम्बना हो अझैं बन्न सकेन कफन मेरा लागी।

म कहाँ छु भनेर आफैंले आफैंलाई खोज्नुहोस्,
बेकार किन गर्नुहुन्छ यतिधेरै प्रवचन मेरा लागी।

**खेम मगर (कान्छा)**
*नौबहिनी गाउँपालिका-८,*
*फोप्ली प्यूठान, हाल मलेसिया*

## मुक्तक



मुक्तक १
गरेर दलाली गरेर छलफल बेच्न लागेका छन्।
मच्याएर ठूलै  हलचल बेच्न लागेको छन् ।
चन्द्रमामा घडेरी किन्न पैसा पाउने भएपछि,
नेताज्यूले आफ्नै धरातल बेच्न लागेका छन्

मुक्तक २
हरेक सवालको उचित जवाफ नमिल्न सक्छ ।
भनिने र गरिने क्रियाकलाप नमिल्न सक्छ ।
पीडा लुकाएर जीउने अभ्यासमा छु आजभोलि,
ओठको मुस्कान आँखाको भाव नमिल्न सक्छ

मुक्तक ३
अलिकति नि सरम नमानी,  शिर्षक बदलेर ।
घाउमा छर्कदैछ नुन खुर्सानी,शिर्षक बदलेर ।
मलाई दुखाउने मनसाय रहेछ  उसको पनि,
नत्र किन सुनाउथ्यो मेरै कहानी शिर्षक बदलेर।

**निरुता गजुरेल (सौगात)**
*बेल्कोटगढि ९ नुवाकोट*

## गजल



किनारा डुब्यो आज वर्षा धेरै भो ।
यो लाग्दैछ विश्वास माया धेरै भो ।

गरेकै थिएँ हर प्रहर मैले मलजल,
कुसुम फुल्न छाडेर काँडा धेरै भो ।


म तत्पर थिएँ हर खुसी टिप्नलाई,
खुसी नै स्वयं आज टाढा धेरै भो ।

थाहा थ्यो सँगै हुन्न आगो र पानी,
तथापि मिलनको भरोसा धेरै भो ।

सबै फूल उस्तै कुनै किन चलेनन्,
सबै एक हो भन्ने नि नारा धेरै भो ।

**कृष्ण कार्की (बेहोशी)**
*इटहरी सुनसरी  हाल मलेसिया*

## गजल



मलाई यस्तै भन्नुहुन्छ धेरै जनाले।
मन छुन्छ यार, तपाईंको रचनाले।

प्रेम भन्दा ठुलो कतै हुन्न नभनुस्,
शोकमा छन् मान्छेहरू दुर्घटनाले।

गरिबलाई मान्छे नठान्ने समाजमा,
इज्जत पायो , पैसा र गरगहनाले।

एक शब्द नराम्रो भने भन्न दिनुस्,
घर बिग्रिने कारण हो भनाभनाले।

रातिको भन्दा कयौं गुणा घातक,
निद्रा लाग्दैन दिउँसोको सपनाले।

**खिमु काउचा (गरिब)**
*बाग्लुङ*

## गजल



नभुलाउ भो अधुरो त्यो कहानीमा फेरी।
बनाउदैन कहिले निरास जवानीमा फेरी।

म आउँदा हुस्सु बनी छेकी दिन्छौं भने बाटो,
भो आउदैन हुस्सु लाग्ने बिहानीमा फेरी।


मिठो थियो सपनी र, त झस्किए रातमा,
घरीघरी नआउँ झस्काउन सपनीमा फेरी।

झुटो रहेछन् बाचा कसम टाढिएर गयौं,
तिम्रो छाया सम्म देखिदैन बिपनीमा फेरी।

ठेस माथी ठेस लाग्यो तिम्रो पछि धाउँदा,
अब आउदैन ठेस लाग्ने आगानीमा फेरी।

**श्यामकुमार क्षेत्री (मुस्कान)**
*नौबहिनी गाउँपालिका-८,*
*बल्लेखोला प्यूठान, हाल भारत*

## कविता



म हावा हुँ
सिरसिर नित्य चल्छु
बाले बल्छु
जलाए जल्छु।

म  आक्रन्त बन्छु
जब म निर्बलियो हुन्छ ,
साथमा म जमिन खन्छु
नत्र सिमा पारी लम्पसार ढल्छु।

हो म नदेखिने गरि कम्जोर
आपत्तिको छ घनाघोर,
शक्ति लुट्ने आगो र चोर
आफैमा बन्दैछु झोर।

म हिजो जस्तो आज उस्तै
र भोलि पनि दुरुस्तै,
टाढिएका आफ्नो अर्को
साथी सहोगोत्री रहर्को।

तिमिमाथिको अविजयी
जल,थल र नभको विजयी ,
जन्मे देखि आफ्नै भय
हावाको हुन्छ किन पराजय??

**भरत पुन**
*गौमुखी-६ लिवाङ,*
*प्युठान*

## रोचक/प्रेरक प्रसङ्ग

# वैज्ञानिकले पहिलोपटक चन्द्रमाको माटोमा उमारे विरुवा



संसारमा यस्ता धेरै व्यक्ति छन् जो आफ्नो अनौठो व्यवहारका कारण चर्चामा आउने गर्छन् । यस्तै एउटा अनौठो घटना जापानबाट आएको छ, जहाँ एक व्यक्तिको कुकुर बन्ने शौखले सबैलाई छक्क पारेको छ । टोको नामका जापानका यी व्यक्ति अहिले कुकुर बनेका छन् । मानिसबाट कुकुर बनेका टोकोले सामाजिक सञ्जालमा एउटा तस्बिर पनि सेयर गरेका छन् । सामाजिक सञ्जालमा यसको असाध्यै चर्चा भइरहेको छ ।

वास्तवमा, जापानमा बस्ने यी व्यक्तिको बाल्यकालदेखि नै कुकुरको जीवन जिउने सपना थियो । जापानको एक व्यावसायिक एजेन्सी जेपेट वर्कशप कम्पनीले टोकोलाई कुली प्रजातिको कुकुरमा परिणत गरेको छ ।

### कुकुर बन्न १९ लाख खर्च

उक्त व्यक्तिलाई कुकुर बन्न यति धेरै मन लाग्यो कि त्यसका लागि उनले १९ लाख रुपैयाँ (लगभग २० लाख जापानी येन) खर्च गरे । यति धेरै पैसा लिएर ती व्यक्तिले यस्तो पोसाक बनाए, जसमा उनी ठ्याक्कै कुकुरजस्तै देखिन्छन् । यो पहिरनमा उनलाई चिन्न गाह्रो हुन्छ ।

पोशाक बनाउन करिब ४० दिन लाग्यो । मानिस र कुकुरमा धेरै भिन्नता हुने भएकाले यो पोशाक बनाउन निकै मिहिनेत गरेको कम्पनीले जनाएको छ । टोकोले यो पोशाक लगाएपछि आफू कुकुरजस्तै देखिनुपर्ने इच्छा जताएका थिए ।

**एजेन्सी**

## गाउँपालिकावासीलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**झिमरुक गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, भ्यागुते प्यूठान

## नगरपालिकाबासीलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
**स्वर्गद्वारी नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय,
भिंगृ प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# प्रत्येक पालिकामा उप-शाखा विस्तार गर्नमा जोड

**झुलेनी पोष्ट**
**प्यूठान**

नेपाल रेड्क्रस सोसाइटी प्युठान जिल्ला शाखाको ३६ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्युठानको आयोजना एबम नेपाल रेडक्रस सोसाइटी बिजुवार उपशाखा र प्युठान नगरपालिका ४ बिजुवारको प्यूठानको आथित्यतामा होटल व्यावसायी संघ तथा सुचना केन्द्र प्युठानको सभाहलमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी प्युठान जिल्ला शाखाको बार्सिक प्रतिबेदन प्रस्तुत शाखाका मन्त्री दामोदर शर्माले गर्नुभएको थियो । त्यस्तै आर्थिक प्रतिबेदन प्रस्तुत शाखाका कोषाध्यक्ष घनश्याम भुसालले गर्नुभएको थियो । पालिकाको मातहतमा रहने गरि प्रतेक पालिकामा एक/एक वटा उपशाखा विस्तार गरिनुपर्ने कुरामा सबैले जोड दिनुपर्ने कार्यक्रमका सहभागीहरुले बताएका थिए ।




साथै उनीहरुले रगत दान जीवन दान भन्ने कुरालाइ आत्मसात गर्दै रगत दिने कुरामा आफू मात्र नभएर अरुलाई पनि प्रोत्साहन गर्नुपर्ने जोड दिए । कार्यक्रममा ५ जनालाई प्रमाण पत्र र दोसल्लहा ओढाएर सम्मान गरिएको छ । सम्मानित हुनेमा तुलसी स्मृती पुरुस्कार मार्फत सामाजिक व्यक्तित्व डां. लेखराज सुवेदी, नेरेसो बादिकोट उपशाखाबाट क्रियासिल स्वास्थ्यकर्मी खिम प्रसाद पार्धे, रेडक्रस अभियान प्रचार/प्रसारमा क्रियाशिल संचारकर्मी अनुज पछाई, उत्कृष्ट कर्मचारी नेरेसो प्यूठान शाखाका प्रशासन तथा लेखा सहायक देवीराम शर्मा र उत्कृष्ट स्वंम सेवक खडक बहादुर केसी रहेका छन । कार्यक्रममा प्रमुख आथित्यता प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्युठानका अध्यक्ष गुमान राज पुलामीको अध्यक्षता रहेको थियो । त्यस्तै कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी प्युठान जिल्लाका विभिन्न शाखा र उपशाखाका सभापति, कर्मचारी, स्वमसेबक जिल्लाका विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, सन्चारकर्मी लगाएतको उपस्थिति रहेको थियो ।

# भरुवा बन्दुकको गोली लागेर एकको मृत्यु

**झुलेनी पोष्ट**
**प्यूठान**

ऐरावती गाउँपालिका-१ दाङवाङमा भरुवा बन्दुकको गोली लागेर एकजनाको ज्यान गएको छ । शिकार खेल्न जंगल गएका ३४ वर्षीय द्रोणबहादुर आलेमगरको आइतबार गोली लागेर मृत्यु भएको हो ।

दोबाटो सामुदायिक वनको डाँडाथरीमा शिकार खेल्ने क्रममा २४ वर्षीय ज्ञान बहादुर नेपालीले मृगलाई हानेको गोली आलेमगरको टाउकोमा लागेको प्रहरीले जनाएको छ । घटना आइतबार दिउँसो भए पनि प्रहरीलाई राती मात्र खबर आएको प्रहरी नायव उपरीक्षक सत्यनारायण थापाले बताए । प्रहरीले शिकार खेल्ने क्रममा प्रयोग भएको २ नाल भरुवा बन्दुक नियन्त्रणमा लिएको छ । त्यसैगरी बन्दुक हान्ने ज्ञानबहादुर नेपालीसहित दस जनालाई प्रहरीले पक्राउ गरेको छ ।

झिमरुक गाउँपालिका ४ मच्छीका ३२ वर्षिय गुञ्ज बहादुर पुन, ऐरावती गाउँपालिका १ अमिलीका बर्ष ६४ का ओम बहादुर पुन, सोही गाउँपालिका बर्ष ५३ का रुक बहादुर नेपाली, २४ वर्षिय ज्ञान बहादुर नेपाली (भरुवा बन्दुक हान्ने), २४ वर्षिय कृष्ण बहादुर पुन मगर, ६५ वर्षिय भुप बहादुर पुन मगर, ३२ वर्षिय टिकाराम पुन, ६० वर्षिय ड्याम बहादुर पुन, ३९ वर्षिय झबिन्द्र थापा र १४ वर्षिय बिशाल घर्तीलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने ४ जना फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# घातक...

छ ।

**सचेत विद्रोहको आवश्यकता**

नारीवादी आन्दोलनको इतिहासमा सन् १९६८ लाई विद्रोहको विस्फोटक वर्ष भनेर उल्लेख गरिएको छ। जति बेला नारी मुक्ति आन्दोलन 'सेकेन्ड वेभ' तिर प्रवेश गर्दै 'लिबरल' बाट 'र्‍याडिकल' तर्फ रूपान्तरण हुँदै थियो। ९ मे १९६८ मा पेरिसका छात्राहरूले विद्रोहकोघोषणागरे ।सेप्टेम्बरमाएटलान्टिक सहरमा 'मिस अमेरिका प्रतियोगिता' बहिष्कार गर्दै महिलाहरूले भने, 'यस्ता समारोहले महिलालाई फुरषको मान्यता अनुरूप उपभोगको वस्तु बनाउँछन।' विरोध प्रदर्शनका क्रममा एउटा भेडालाई मिस अमेरिकाको मुकुट पहिर्‍याई प्रदर्शनलाई तीव्र बनाउँदै उनीहरूले कस्मेटिक सामान र स्त्रीसूचक पहिरनहरूलाई 'महिला होम जर्नल' को प्रतिमाका साथ फोहोरदानीमा फ्याँकेर मुक्तिको घोषणा गरे। मिडियाले ' ब्रा बर्निङ' को संज्ञा दिँदै उक्त आन्दोलनलाई बदनाम गर्ने प्रयत्न गर्‍यो। सुसन ब्राउन मिलरको पुस्तक 'इन आवर टाइम' मा यसबारे व्यापक चर्चा भेटिन्छ। 'द ब्युटी मिथ : हाउ द इमेज अफ ब्युटी आर युज्ड अगेन्स वुमन' शीर्षक नाओमी उल्फको नारी सौन्दर्य सम्बन्धी पुस्तक अत्यन्तै पठनीय मानिन्छ। उनी यसलाई सौन्दर्य प्रसाधन कम्पनी, फेसन डिजाइन, विज्ञापन एजेन्सी, हलिउड र कर्पोरेट मिडिया सामेल भएको सामाजिक-आर्थिक संरचनाका रूपमा अर्थ्याउँछिन्। उक्त आन्दोलनको समर्थन गर्दै विभिन्न व्यक्तिले सौन्दर्य परियोजना प्रतिगमन मात्रै होइन, दमनकारी प्रथासमेत भएकाले नारीहरूले बहिष्कार गर्नुपर्ने धारणा व्यक्त गरेका थिए।

त्यसै गरी गलत सौन्दर्यचेत निर्माण गरी पुँजीवादी व्यवस्थाले गरेको महिला शरीरको शोषण र बजारीकरणविरुद्ध नेपालमै पनि धेरैअघिदेखि नै बहस र आन्दोलनहरू भइरहेका छन्। केही मार्क्सवादी तथा प्रगतिशील संगठनहरूले मालसामानमा विज्ञापनका लागि महिलाको प्रयोग, यौन व्यवसाय, सौन्दर्य प्रसाधनको उत्पादन र त्यसमा महिलाहरूको प्रयोग एवं शारीरिक सुन्दरतालाई मानक बनाएर निर्माण गरिएका सुन्दरी प्रतियोगिताजस्ता महिलामाथि हिंसाको शृंखला चलाउने क्रूर र नाफाखोर पुँजीवादी व्यवस्थाविरुद्ध केही छिटफुट आन्दोलन भए पनि तिनले खासै ठूलो असर पुर्‍याउन सकेनन्। उल्टै यो व्यवस्थाले आफूलाई झन्झन् उत्कर्षमा पुर्‍याएर महिलामाथि दोहोरोतेहरो शोषण थोपरिरहेकै छ। यसको मुख्य समस्या भनेको पुँजीवादको षड्यन्त्रलाई छिचोल्न र बुझ्न सक्ने गरी महिलाको चेतनास्तर निर्माण नहुनु नै हो। बरु उल्टै भ्रमजाल र छलकपटमा परेर महिलाहरू नै पुँजीवादको कठपुतली बनिरहेका छन ।

यसविरुद्ध प्रश्न उठाउँदै गर्दा धेरैले भन्ने गरेका छन्, 'दोष महिलाहरूकै हो। उनीहरू तयार नभए कसैले जबरजस्ती घिसारेर लैजाँदैन।' तर, यो न्यून बुझाइका आधारमा बनेको सतही सोच मात्र हो। यस्तो टिप्पणी तिनैले गर्छन्, जसले सत्ताको प्रभुत्वलाई बुझेका छैनन्। सत्ता संरचना जहिले पनि बिनाजोरजुलुम सांस्कृतिक आधिपत्यका माध्यमबाट आफूअनुकूलका दासहरू उत्पादन गरिरहन्छ। यस्ता भाष्यहरू निर्माण गरी पुँजीवादले एक थरी महिलाहरूको काँधमा बन्दुक राखी समग्र महिलामाथि नै चौतर्फी शोषणको निसाना साधिरहेको छ। सामन्तवादले चलाएका महिलाद्वेषी परम्परागत पसलहरू भत्काएर पुँजीवादले आधुनिकताका नाममा झनै चर्को शोषणका साथ नयाँनयाँ दोकानहरू चलाइरहेको छ। महिलाहरूमा यस्तो षड्यन्त्रलाई पर्गेल्न सक्ने चेतना र वैचारिकी निर्माण नहुँदा बजारवाद आफ्नो मिसनमा सफल बनिरहेको छ। पुँजीवादी पितृसत्ताले महिलाहरूलाई मनोवैज्ञानिक रूपमै गलत सौन्दर्यचेतको अफिम चटाएर सुन्दरता र शृंगारिकताको मोहजालमा पारी बाध्यात्मक दलदलमा फसाई आफ्नो मुनाफाको धन्दा विस्तार गरिरहेको छ। यस्तो धन्दाका नकारात्मक परिणामहरूबारे प्रकाश पार्दै महिलाहरू स्वयम्मा विद्रोह गर्ने चेतना निर्माण गरी मुख्यतः यो व्यवस्थाविरुद्धकै संघर्षका निम्ति एकीकृत हुनुपर्ने समय आएको छ। महिलालाई आफ्नो प्रयोजनको मुख्य शक्ति बनाउने नाफाखोर पुँजीवादको फन्दाबाट निस्किन अब महिलाहरू वैचारिक र मानसिक रूपमा तयार हुनैपर्छ।

**साभार कान्तिपुर**

## छोटकरी

# दाखाक्वाडीबाट १६ थान सालको अवैध काठ बरामत

**झुलेनी पोष्ट**
**प्यूठान**

डिभिजन वन कार्यालय प्यूठानले १६ थान अवैध सालको गोलिया बरामत गरेको छ । प्यूठान नगरपालिका २ स्थित एक्ले डाडाँ राष्ट्रिय वन क्षेत्रबाट झन्डै ३१ सेप्टी अवैध काठ बुधवार बिहान सुराकीको आधारमा बरामत गरेको डिभिजन वन कार्यालय प्यूठानका प्रमुख शंकरप्रसाद गुप्ताले जानकारी दिए । साल कुन प्रयोजनको लागि कस्ले काट्यो भन्ने विषयमा कार्यालयले अनुसन्धान गरिहेको उनले बताए ।

अवैध काठ कार्यालयले नियन्त्रणमा लिएर प्रारम्भिक अनुसन्धान थालेको जनाएको छ। कार्यालयका अनुसार फिल्डमा १० वटा सालका काटिएका रुख फेला परेका छन् ।

# प्यूठानमा कुन पालिकालाई कति बजेट ?

**झुलेनी पोष्ट**
**प्यूठान**

सरकारले पालिका र प्रदेशमा पठाउने बजेटको टुङ्गो लगाएको छ। जिल्लाको प्यूठान नगरपालिकामा सबै भन्दा धेरै ४६ करोड १७ लाख बजेट परेको छ। त्यस्तै सबै भन्दा कम बजेट मल्लरानी गाउँपालिकाले २६ करोड ५४ लाख पाएको छ । त्यस्तै अन्य पालिकाहरुमा स्वर्गद्धारी नगरपालिकामा ३८ करोड ८६ लाख, ऐरावती गाउँपालिकामा ३२ करोड ३९ लाख, गौमुखी गाउँपालिकामा ३० करोड ४० लाख, झिमरुक गाउँपालिकामा ३७ करोड १९ लाख, नौबहिनी गाउँपालिकामा ३७ करोड ३ लाख, माण्डबी गाउँपालिकामा २७ करोड ५४ लाख, सरुमारानी गाउपालिकामा २९ करोड ५० लाख बजेट परेको छ।

# दाखाक्वाडीबाट १६ थान सालको अवैध काठ बरामद

**झुलेनी पोष्ट**
**प्यूठान**

डिभिजन वन कार्यालय प्यूठानले १६ थान अवैध सालको गोलिया बरामद गरेको छ । प्यूठान नगरपालिका २ स्थित एक्ले डाडाँ राष्ट्रिय वन क्षेत्रबाट झन्डै ३१ सेप्टी अवैध काठ बुधबार बिहान सुराकीको आधारमा बरामद गरेको डिभिजन वन कार्यालय प्यूठानका प्रमुख शंकरप्रसाद गुप्ताले जानकारी दिए । साल कुन प्रयोजनको लागि कस्ले काट्यो भन्ने विषयमा कार्यालयले अनुसन्धान गरिरहेको उनले बताए ।

अवैध काठ कार्यालयले नियन्त्रणमा लिएर प्रारम्भिक अनुसन्धान थालेको जनाएको छ। कार्यालयका अनुसार फिल्डमा १० वटा सालका काटिएका रुख फेला परेका छन् ।

# प्यूठानका तीन पत्रकारको सदस्यता रद्ध

**झुलेनी पोष्ट**
**प्यूठान**

नेपाल पत्रकार महासंघले स्थानीय तह निर्वाचनमा भाग लिएर निर्वाचित भएका ८१ जना पत्रकारको सदस्यता रद्ध गरेको छ। महासंघको उपलब्ध कार्यसमितिको बैठकले निर्वाचनमा भाग लिएर विजयी भएका ८१ पत्रकारलाई महासंघको साधारण सदस्यबाट हटाएको हो । महासंघका अनुसार देशभर करिब २ सय पत्रकारले उम्मेदवारी दिएका थिए। तीमध्ये ८१ जना निर्वाचित भए । प्यूठानमा नेपाल पत्रकार महासंघ प्यूठान शाखाका निर्वतमान अध्यक्ष महाबिर राना, पूर्व उपाध्यक्ष प्रमोद पोखेल र पूर्व सहसचिब नोमराज पौडेलको सदस्यता पनि रद्ध भएको छ । महाबिर राना गौंमुखी गाउपालिका उपाध्यक्ष, प्रमोद पोखेल झिंमरुक गाउंपालिकाको उपाध्यक्ष र नोमराज पौडेल मल्लरानी गाउँपालिका ३ को वडाध्यक्षमा निर्वाचित भएका छन् ।

## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि सावुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा/पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

अनुरोधक:
डिभिजन प्रमुख : राजकुमार चौधरी
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# बाँझोपन के हो, बच्चा किन बस्दैन ?

बारम्बर भन्ने गरिन्छ, 'डाक्टर भगवान होइन ।' यसको अर्थ डाक्टर मानव स्वास्थ्यको जानकार मात्रै हो। मुख्य कुरा ऊ आफै मानव हो । त्यसैले उसमा मानवीय गुण वा दोष आम मानव भन्दा भिन्न हुन सक्दैनन् । ती गुण वा दोष पेशासँग जोडिदा देखिने विभिन्न चित्र यसप्रकार छनः

**डा. दधिची**

-धनी परिवारमा जन्मेका डा. दधिचीलाई कहिल्यै डाक्टर बन्छु भन्ने लागेको थिएन । तर, उनको वुवाले करकापमा पारेर भएपनि धेरै खर्च गरेर उनलाई डाक्टर बनाए । डाक्टर पढ्दा धेरै खर्च भएको कुरा दिमागमा छ । ब्यापारिक घरानाका भएकाले उनलाई त्यो धेरै कमाउन गरिएको लगानी जस्तो पनि लाग्छ । अहिले उनको काम गर्ने तरिका देख्दा उनी त्यो लगानीको बढी भन्दा बढी प्रतिफल खोजिरहेका छन् जस्तो लाग्छ ! ब्यापारिक पृष्ठभूमिका उनमा ब्यापारिक गुणहरु अझै धेरै देखिन्छन् । उनी महंगो गाडी चढ्छन्, क्लिनिकमा टिकट नकाटेको बिरामीको नमस्कार फर्काउन पनि चाहदैनन् । उनका नियमित बिरामीहरु प्रायः धनाढ्य परिवारकै हुन्छन् ।

**डा. दुर्वासा**

-नाम अनुसारकै छ, डा. दुर्वासाको ब्यबहार । जो कोही उनीसँग बोल्न पनि डराउँछ । रिस त उनको नाकैमा झुण्डिएको जस्तै लाग्छ । उनको क्लिनिकमा हरेक कुरा मिलेको हुनुपर्छ । बिरामीले आफ्नो रोगबारे जिज्ञासा राख्दा उनको उत्तर हुन्छ, 'तपाईं डाक्टर कि म डाक्टर ?' धेरैपटक कुटाइ खानबाट जोगिएका तर पनि सुध्रिने छाँटकाँट नभएका उनी एक्लै बस्न मन पराउँछन् । उनको परिवारको बारेमा कसैलाई पनि थाहा छैन । किनकि उनलाई सोध्ने हिम्मत त कसले गर्नै सक्दैन । उनी हार्ड ड्रिंक्सका शौखिन हुन् ।

**डा. बैद्य**

-शान्त स्वाभावका डा.बैद्य बिस्तारै बोल्छन् । कहिल्यै नरिसाउने उनले काम गर्न थालेको २० वर्ष पुगिसक्यो, जहिल्यै उनी स्कुटरमा देखिन्छन् । उनलाई एलोप्याथिक औषधी भन्दा आयुर्वेदिक औषधी र प्राकृतिक चिकित्सामा बढी विश्वास छ । बिरामीहरुलाई बेला-बेला योगा पनि सिकाइरहेका हुन्छन् । प्रेसरका विरामीलाई करेला खाने, निमपत्ता खाने सल्लाह दिइरहन्छन् । एउटै बिरामी हेर्न कम्तिमा आधा घण्टा लगाउँछन् । धर्ममा पनि उत्तिकै लगाव छ उनको । क्लिनिकको कोठामा पनि भगवानका प्रशस्तै तस्वीर सजाइएका छन् ।

**डा.एमआर**

-नयाँ कारमा हुन्छन् उनी । महंगा मोबाइल फेरिरहने बानी छ । विदेश भ्रमणमा पनि निस्किरहन्छन् । गफ निकै मिठो गर्छन् । बिरामीलाई चाहिने भन्दा बढी नै औषधी भिडाउन सक्नु उनको खुबी हो । चिटिक्क परेर बस्ने उनको साथमा जहिले पनि दुई जना एम.आर ( मेडिकल रिप्रेजेन्टेटिभ) हुन्छन्। उनीहरुलाई आफ्नो पिएको जस्तो जिम्मेवारी दिएका छन् । उनको घरमा हरेक महिना महंगा सामग्री औषधी कम्पनीबाट सिधै आइपुग्ने हल्ला सुनिन्छ ।

**डा. केके**

-के.के अर्थात् किरण कुमार । प्रख्यात सर्जन । तर, सबै उनलाई कसाइँ कुमार भन्छन् । अप्रेसनमा साह्रै सिपालु उनी 'हरेक रोगको उपचार सर्जरी नै हो' भन्ने मान्यता राख्छन् । उनकोमा गएको बिरामी अप्रेसनबिना फर्किने संभावना निकै कम हुन्छन रे ! विरामीसँग कमै बोल्ने उनी बाहिर भन्दा ओ.टी. (अप्रेसन थिएटर)मा रमाउँछन् । उनको ठाउँका मान्छे कसैका पनि एपेन्डिक्स र पित्तथैलि छैनन् रे ! किनभने उनले अप्रेसन गरेर झिक्दिसके । उनी पैसाको खासै लोभ गर्दैनन् । गरिब विरामीको सित्तैमा अप्रेसन गरिदिन्छन् ।

**डा. बिजि**

-बि.जि अर्थात् बिजय जिसी । उनी आफूलाई डा. बिजि भन्न रुचाउँछन् । हुन पनि सधैं बिजि हुन्छन् । उनी हिँडिरहेका हुन् कि दौडिरहेका हुन्, सहकर्मीले कहिल्यै पत्ता लगाउन सकेनन् । मोबाइलामा निरन्तर बोल्छन् । बिरामी हेरिरहेको अवस्थामा पनि मोबाइलमा कुरा गर्न सक्ने खुबी छ उनको ! सधैं हतारमा देखिन्छन् । न्युनतम एक घन्टा ढिलो मात्रै हस्पिटल आइपुग्छन् । आउने बित्तिकै सबैलाई अत्याइदिन्छन् । किनभने हरेक कुरा टाइममा हुनुपर्छ भन्ने मान्यता छ उनको ! एउटा बिरामीलाई दुई मिनेट समय दिन्छन् । बिरामीले केही जिज्ञासा राख्यो भने उत्तर हुन्छ, 'अहिले यो औषधि खानुस्, भएन भने फेरि भेटौंला ।' बिहान छ बजे घरबाट निस्किने उनी रातको १० बजे मात्रै घर पुग्छन् ।

**डा. पिपि**

-पी.पी अर्थात् प्रेम प्रसाद । तर, सबैले उनलाई परीक्षण प्रसाद भनेर चिन्छन् । बिरामीको समस्या सुन्न भन्दा बढी परिक्षण गर्छन्। अर्थात् इन्भेस्टिगेसनमा उनको ठूलो रुची छ । ल्याबको रिपोर्ट हेरेपछि बिरामी हेर्नै नपर्ने उनको मान्यता छ । हरेक टाउको दुखाईका लागि सिटी स्क्यान र पेट दुखाईका लागि भिडियो एक्स रे गर्नुपर्ने उनको दृढ विश्वास छ । शंकालु पाराका उनी 'हरेक सानो कुरामा ठूलो समस्या लुकेको हुन्छ' भन्ने मान्यता राख्छन् ।

**डा. मैहुँ**

-उनको असली नाम मोहम्मद हुसेन हो । तर, उनी डा. मैहुँका नामले प्रख्यात वा यसरी भनौं कुख्यात छन् । मेडिकल प्र्याक्टिसको २५ वर्ष भइसकेको छ उनको । आफ्नो ठाउँका नामुद डाक्टर हुन्। उनको समयमा कम्पिटिसनमा आउनसक्ने कोही थिएनन् । आजभोलि भने नयाँ प्रतिस्प्रर्धिहरु आउन थालेका छन् । उनमो घमण्ड घट्नुको साटो झन् बढेर गएको छ । कसैलाई मान्छे गन्दैनन् । बिरामीलाई छुन पनि खोज्दैनन् । उनको आत्मविश्वास भन्छ, 'म जस्तो एक्सपिरिएन्स्ड डाक्टरले बिरामी जाँच्नै पर्दैन, हेरेरै रोग पत्ता लगाइदिन्छु ।' उनले क्लिनिकमा आफ्नो लागि आरामदायी सोफा र बिरामीका लागि सानो स्टुलको ब्यबस्था गरेका छन् !

**डा. साइनो**

-यो उनको उपनाम हो। आफ्नो नाम पत्ता लगाउन उनी आफैंले समेत नागरिकता हेर्नुपर्छ ! किनभने उनको बानीका कारणले बिरामी र सहकर्मीले डा. साइनो भन्छन् । उनीकहाँ आउने हरेक बिरामी उनको आफन्त पर्छ । किनभने उनी थर, उमेर र ठाउँ जताबाट मिल्छ त्यतैबाट साइनो लगाएर पठाउन सक्छन् । बिरामीसँग साइनो गाँसेर मीठो कुरा गर्छन् । आफ्नै उमेरकालाई साथी, अलिकति बढीकालाई दाई दिदी, बुढाबुढीलाई बुवाआमा, सानालाई नानी, बाबु भनेर साइनो लगाउँछन् । थर र ठाउँ मिल्यो भने त आफ्नै दाजुभाई र बाआमा भन्दा नजिक ठान्छन् ! प्रशस्त समय दिएर बिरामीका समस्या सुन्छन् । बिरामीहरु उनीदेखि सन्तुष्ट पनि छन् । दुई सन्तानका पिता उनको पारिवारिक जीवन पनि सुखी छ । उनले हेरेका बिरामी औषधीले होइन उनको कुराले निको हुन्छन् । जस्तो जटिल समस्या आाएपनि उनले रिफर नगरेसम्म बिरामीहरु अर्को ठाउँमा जाँदैनन् ।

**डा. बक्र**

-नाम अनुसारकै ब्यवहार भएका मान्छे हुन् उनी । उनले डाक्टरी कम र राजनिती बढी गर्न जानेका छन्। अरु डाक्टरका कुरा काट्न र अरुलाई गाली गर्न खप्पिस छन् । अरुले डाक्टरले लेखेको औषधी काटिदिने र बिरामीका अघि उक्त डाक्टरलाई होच्याउने गर्छन् । आफूले लेखेको औषधी बाहेक अरु औषधी नखान बिरामीलाई कडा चेतावनी दिन्छन् । बेला-बेलामा डाक्टर संघको चुनाबमा उठ्छन् । तर, अहिलेसम्म उनले जितेको कसैले थाहा पाएको छैन । कुरामा चाहिँ आफू जन्मजात राजनीतिक क्षमता भएको मान्छेका रुपमा अघि सार्छन् ।



डा. समिर लामा

माथिका उदाहरणहरु डाक्टर( हामी)मा भएका मानवीय गुण, अवगुणहरुको उच्चतम बिन्दु हुन् । यीनका केही अंश सबै डाक्टरमा हुन्छन् । तीमध्ये कोहीमा बढी होलान् त कोहीमा कम मात्रै । बिरामी भएर वा विरामी लिएर डाक्टरलाई भेट्दा डाक्टरहरुमा माथि उल्लेखित गुण अरुले पनि पक्कै भेटेका छन् । यी हामी भित्रका मानवीय गुण वा अवगुणहरुका चित्रण हुन् । यसले आफ्नो बारेमा सोच्न, बुझ्न, आफ्नो दृष्टिकोण र बिरामीप्रतिको ब्यवहार बुझ्न र परिमार्जन गर्न समेत सहयोग गर्न सक्छ ।

**पुनश्चः प्रोफेसर जोन मुर्ताघको पुस्तक 'जनेरल प्राक्टिस'बाट नेपालीकरण गरिएको हो।**

**स्वास्थ्य खबर**

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्कः
०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

## स्वस्थ र सुन्दर संसार, स्तनपान एकमात्र आधार

### स्तनपान सम्बन्धी महत्वपूर्ण सन्देशहरुः

- आमाको दुध शिशुका लागि अमृत समान हो । शिशु जन्मेको एक घण्टाभित्रै आमाको दुध चुसाउनुपर्दछ ।
- आमाको पहेलो बिगौती दुध शिशुका लागि पहिलो खोप हो । यसमा रोगसँग लड्न सक्ने तत्वहरु हुन्छन् ।
- शिशुलाई जन्मेदेखि ६ महिनासम्म आमाको दुध मात्रै खुवाउनुपर्छ ।
- शिशुलाई चाहिने पानी समेत आमाको दुधमा नै हुने हुनाले ६ महिनासम्म आमाको दुध बाहेक पानी पनि खुवाउनु पर्दैन ।
- शिशु ६ महिना पुरा हुनासाथ आमाको दुधका साथ साथै पोषिले थप आहार खुवाउन थाल्नुपर्छ, कम्तिमा २ वर्षसम्म थप आहारका साथै स्तनपानलाई पनि निरन्तरता दिइरहनुपर्दछ ।
- नियमित स्तनपान गराउने आमाहरुको स्तन र पाठेघरमा क्यान्सर हुने सम्भावना पनि धेरै कम हुन्छ ।
- पूर्ण स्तनपान गराएका बच्चाहरुको दिमागी क्षमता पूर्ण स्तनपान नगराकाको भन्दा तीक्ष्ण हुने अध्यनहरुले प्रमाणित गरेका छन् ।
- स्तनपान गर्न नपाएका शिशुहरु पछि गएर झगडालु स्वभाव हुने, अरुसँग घुलमिन गर्न नसक्ने र अपराधिक कार्यहरुमा लाग्ने सम्भावना बढि हुने कुरा पनि अनुसन्धानबाट पत्ता लागेको छ ।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

## गाउँ पालिका वासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवं अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

# गर्नै होइन किवी खेती? (भाग -२)

-बबि बस्नेत
कृषि अधिकृत, सोलुखुम्बु



यस बेला बोट वरीपरीको झारपात हटाएर धेरै गहिरो नहुने गरी खनजोत गर्ने र सिफारिस मात्रामा मल हाली माटोले पुरी छापो हाली सिंचाई गर्नु पर्दछ। यसै गरी असार साउनमा पनि झारपात हटाएर धेरै खनजोत गरी मल हालेर छापो दिनु पर्दछ। यो देखि बाहेक आवश्यकता अनुसार झारपातकव प्रकोप ह्रेरेर बोट वरीपरीको झारपात हटाउनु पर्दछ।

१२) **किवी बोटलाई थाक्रो दिने**

किवी बोट लहरा जाने र थाँक्रो चाहिने भएकोले करिब ६-७ फिट अग्लो भए पछि माथि पट्टी "T" आकारको सिमेन्ट खम्बा वा फलामको जि.आई. पाईप गाडेर कम्तीमा तीन लाईन मोटो तार टाँगि दिनु पर्दछ । यसो गर्दा किवीको लहरा तार माथि फैलने हुनाले फल टिप्न र अन्य ब्यवस्थापनको काम गर्न सजिलो हुन्छ।

१३) **किवीको तालिम** :

बिरुवालाई आवश्यकता अनुसार अकारमा ल्याउनुलाई किवी बोटको तालिम भन्ने बुझिन्छ। प्रथम बर्षः किवी छिटो बढ्ने बिरुवा भएकोले पौष माघमा रोपेको बिरुवा असारसम्ममा अग्लो भई सक्छ । शुरुमा एउटा मात्र मुना राखेर फेदबाट पलाएका सबै हाँगा हटाउनु पर्दछ।बिरुवा ६ फिट अग्लो भएपछि मूख्य मुना काटी दिनु पर्दछ।यसरी काटेको ठाँउबाट पलाएका दुई वटा मुनालाई दुई तिर मुख्य हाँगाको रुपमा बढ्न दिनु पर्दछ।

दोस्रो, तेस्रो र चौथो बर्ष : पातको अगाडी फेदबाट कोपिला बढ्न शुरु हुन्छ र यहि मुनालाई फल्न् हाँगाको रुपमा बिकास हुन दिनु पर्दछ।मुख्य हाँगामा प्रत्येक ४० सेन्टिमिटरमा यस्ता फल फल्ने हाँगाहरु बिकास गराई डोरीले तेर्सो गरी बाँधी दिनु पर्दछ।सिधा माथि अकाश तिर बढेका हाँगाहरुमा कम फल फल्ने हुनाले यस्ता हाँगाहरु हटाउने, टुप्पो तिर बटारिएका र बढी हाँगाहरु हटाउनु पर्दछ।

**१४) किवी बोट काटछाँट** :

किवीफलको बोटको काटछाँट हिँउद र बर्षामा गरी दुई पटक गरिन्छ।

**हिंउदे काटछाँट** : किवीफलको पात पौष माघमा झर्छन् साथै बोट सुषुप्त अवस्थामा जान्छ र यस समयमा अनिवार्य रुपमा काँटछाँट गर्नपर्दछ। पौष माघमा एक बर्ष पुराना हाँगाहरुबाट पलाएका पालवाहरुमा मात्र फूल फुल्ने र फल फल्ने गर्दछ । किवीफलको लहराहरु एक बर्षमा ३, ४ मिटर सम्म बढ्ने र फल फल्ने कोपिला हाँगाको फेदमा मात्र पलाउने भएकाले माथिका लामो भाग सबै काटेर हटाउनु पर्छ।हिंउदे काटछाँट गर्दा बर्ष भरी पलाएका हाँगाको ७५ प्रतिशत भाग हटाउनु पर्दछ । फल फलिसकेका काम नलाग्ने बाङ्गा सुकेका रोगकिरा लागेका हाँगा काटेर हटाई नयाँ फल्ने हाँगाको बिकास गराउनु पर्दछ।

**वर्षे काटछाँट** : बिरुवाले प्रशस्त मलजल पाए पछि असार साउन सम्ममा बोटको हाँगा तथा मूल काण्डबाट फूल नफुल्ने धेरै हागाबिगाहरु पलाउछन र यस्ता हाँगाबिगाहरु धेरै भएमा बोट अब्यवस्थित झ्याँगमा परिणत हुन्छ। वर्षा याममा बोटको हाँगा तथा मूल काण्डबाट हलक्क बढेका सप्रियका मोटा र राम्रो देखिने हाँगाहरु पलाउछन यस्ता हाँगाहरुलाई पानी हाँगा वा चोर हाँगा भनिन्छ।यि सबै हाँगाहरुलाई हटाउनु पर्दछ । बाङ्गा, सुकेका, रोगकिरा लागेका हाँगा, टुप्पो तिरका हाँगाहरुलाई पनि हटाउनु पर्दछ।

**१५) रोग किरा व्यवस्थापन**

**किराहरू**

-**पात बेरूवा भुसिलकिरा** : पुतलीले पातको माथिल्लो सतहमा फुल पार्छ र लार्भा अवस्थामा कलिला पातहरु, मुना तथा कलिला वा चिचिला अवस्थाको फलको बोक्रालाई पनि क्षति पुर्याउछ । फलको आकारलाई विक्रित बनाउछ। यो किरा नियन्त्रणका लागि साईपरमेथ्रीन २ मिलिलिटर एक लिटर पानीमा मिसाएर स्प्रे गर्ने । नियमित बर्षे काटछाँटबाट पनि केहि प्रकोप कम गर्न सकिन्छ।

-**कत्ले किरा** : यो किरा धेरै मसिनो, खरानी देखि खैरो रंगको हुन्छ। यसले डांठ, पातको मध्य नशामा र फलको रस चुसि नोक्सान पुर्याउछ । यो किरा नियन्त्रणका लागि रोगर बिषादि h1=15 मिलिलिटर एक लिटर पानीमा मिसाएर स्प्रे गर्ने।

-**फड्के कीरा** : यसले मह जस्तो गुलियो पदार्थ निकाल्छ जसले गर्दा सुटी मोल्ड नामक ढुसी पैदा भई पात, डांठ तथा फललाई कालो बनाउछ । यो किरा नियन्त्रणका लागि रोगर बिषादि 1-1.5 मिलिलिटर एक लिटर पानीमा मिसाएर स्प्रे गर्ने ।

**रोगहरू**

-**जरा कुहिने रोग** : यो रोग ढुसीको आक्रमणले हुन्छ।यो रोगले जरा कुहिन गई विरुवा बढ्न नसक्ने, बढि आक्रमण भएमा विरुवा नै मर्ने सम्भावना हुन्छ। पानी जम्ने अवस्था, ओसिलो जमिनमा यसको प्रकोप ज्यादा हुन्छ। पानीको निकास नहुने जमिनमा खेती नगर्ने, माटो उठाई खेती गर्ने । बिरुवा रोप्दा, गोडमेल गर्दा, जरा र फेंदमा चोट पटक लाग्न नदिने।फेंदमा घाउ देखिएमा मेन्कोजेवको पेष्ट लगाउने।

-**बोट्राईटिस** : यो रोग ढुसीको कारणले हुन्छ । खास गरि लहरा बढि भए बोट झांगियो भने वा बाफिलो अवस्था लामो समयसम्म रहयो भने यो रोग लाग्दछ । सुरुमा फलको भेट्नो जोडिएको स्थानमा खरानी रंगको ढुसी देखिन्छ पछि फलमा खरानी खैरो ढुसी फैलिन्छ । आक्रमण बढ्दै गएपछि फल चाउरिन्छ। बोटको पात तथा मुनामा पनि डढाउने लक्षण देखाउँछ । ओसिलो अवस्था श्रृजना हुन नदिनको लागि हिंउद र बर्षामा गरिने काटछाँट राम्ररी गर्ने। बगैचा सरसफाईमा बिषेश ध्यान दिने । फल लाग्न थालेपछि र फल टिप्नु भन्दा १ महिना अघि ढुसी नाशक विषादि छर्कनु पर्दछ।

-**थोप्ले रोग** : बर्षा र शरद याममा विभिन्न प्रकारका ढुसीको संक्रमण पातमा थोप्ला देखा पर्दछ र पात झर्ने, फलको गुणस्तरमा प्रभाव पर्ने र उत्पादन घट्ने हुन्छ।यस्तो समस्या देखिएमा ढुसि नाशक विषादि स्प्रे गर्ने।

**१६ फल टिपाई तथा भण्डारण** :

किवीफल बिरुवा सारेको ४ बर्षमा पूर्णरुपमा फल्न थाल्छ।फल काटेर हेर्दा बिँया कालो भएको भए फल टिप्न योग्य भएको मानिन्छ।किवीफल कार्तिक मंसिरमा फल छिप्पिएपछि टिपिन्छ।फल टिप्दा हाँगा नभाचिने गरी हात वा फल टिप्ने कैचीले टिप्नु पर्दछ । छिप्पिएको फल टिपे पछि नपाकुन्जेल भण्डारण गर्नु पर्दछ।औंलाले छाम्दा गिलो भएपछि पाकेको मानिन्छ र बोक्रा हटाएर खानको लागि प्रयोग गरिन्छ। स्याहार संभार राम्रो भएमा प्रति रोपनी ७५० देखि १००० किलोग्राम सम्म उत्पादन लिन सकिन्छ।

"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

**सम्पूर्ण नगरबासीमा प्यूठान नगरपालिकाको अपिल**

**फोहोर व्यवस्थापन सन्देश** :

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाउँ ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कत्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५००, दोश्रो पटक भए रु.१००० र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३००० जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

अनुरोधक :
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
विजुवार, प्यूठान

**के तपाई ड्राइभिङ सिक्न चाहनुहुन्छ ? के तपाई ट्रायल कटाउन सक्नु भएको छैन ? अब तपाईको समस्याको समाधान लिएर प्यूठानमै आएको छ :**

**सन्ध्या ड्राइभिङ इन्स्टिच्युट**

**प्यूठान नगरपालिका - ३ जुम्री बजार, प्यूठान**

हाम्रा सेवाहरु

-दक्ष प्रशिक्षकद्वारा बाइक, स्कुटी, कार तथा ह्याभि गाडी सुपत मुल्यमा सिकाउने ।
-सिकाउनको लागि आफ्नै फिल्ड भएको ।
-ड्राइभिङ लाइसेन्सको अनलाइन फर्म भर्ने सुविधा ।

शाखा प्रबन्धक
**माधव पोखेल**

सम्पर्क नं.
९८४८३८५०८०
९८५७०७०९४१

## भ्रुणहत्या अपराध हो

- लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
- त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
- छोरा र छोरी दुबैको जीवन सुरक्षित गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिकाबासीलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : सरूमारानी गाउँपालिका बड्डाँडा प्यूठान**

## नगरबासीलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**प्यूठान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**ऐरावती गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बरौला प्यूठान


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान